# ढकारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### ढकारी, अछाम

## बोलपत्र आब्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७७।०२/२७

यस कार्यालयबाट आ.व. ०७६/०७७ मा प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान तर्फका विभिन्न योजनाहरुको निर्माण कार्य बोलपत्रद्वारा गराउनु पर्ने भएकाले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकार बाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायिहरुले निम्न शर्तहरुको अधीनमा रही रितपुर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

शर्तहरुः

१. तपशिलमा उल्लेखित रकम फिर्ता नहुने गरि । नगदै बुझाई रसिद संलग्न राखी अधावधिक नविकरण भएको ठेक्का इजाजतपत्र ,प्यान नम्बर दर्ता प्रमाण पत्र , मु.अ.कर दर्ता प्रमाणप्रत्र आ.व. २०७५/२०७६ सम्मको कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न गरि लिखित निवेदन दिई यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र ढकारी गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ।

२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र फारम नियमानुसार भरि खाममा शिलबन्दी गरी खामको बाहिर कामको विवरण ठे.न. शिलबन्दी बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी बिक्रि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:00 बजेसम्म ढकारी गाउँपालिकाको कार्यालयमा दर्ता गरिसकनुपर्ने छ। दर्ता भएका शिलबन्दि बोलपत्र सोहि दिनको २:00 बजे दरभाउपत्रदाता /बोलपत्रदाता स्वंयम वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। शिलबन्दि दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. तपशिलमा उल्लेखित धरौटिबापतको रकम सिटिजन्स बैक, ढकारी अछाम स्थित ढकारी गाउँपालिकाको कार्यालयको नाममा रहेको धरौटि खाता न . ०७९०१००००००२२२०१ नगद जम्मा गरेको सक्कल बैक भौंचर वा यस कार्यालयको नाममा ने.रा .बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिड बन्ड प्रत्येक बोलपत्र साथ संलग्न गर्नुपर्नेछ।

४. शिलबन्दि बोलपत्र शर्तरहित , प्रत्येक आइटममा प्रष्टसंग भरिएको, बोलपत्रलगायत कार्यालयबाट उपलब्ध गराइएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्ने छ। दररेट सच्चाउनु परेमा दस्तखत भएको हुनुपर्ने छ। समयभित्र प्राप्त नभएको,रित नपुगेको,सुचनाको सर्त विपरित भएको बोलपत्रमाथि कुनै कारवाहि हुने छैन।

५. नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नुपर्ने सबै प्रकारका करहरु बोलपत्रमा उल्लेख गरिएको दररेटमा भ्याट बाहेक समावेश गरिएको मानिने छ।

६. शिलबन्दि बोलपत्रदाताले निर्माण स्थल र कामको समबन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिने छ।

७. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वोजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

Scanned with CamScanner

८. बोलपत्र डकुमेन्ट , स्पेसिफिकेसन, परिमाण सुचि Bill of Quantities आदिमा भाषागत समेत त्रुटी भएमा वा बिषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

९. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा मात्र स्विकार गर्ने सम्पुण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताले छापसहित सहि गर्नुपर्नेछ।

११. बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखीत परिमाण सुचिमा प्रत्येक आइटमको दररेट भरि नआएमा त्यस्तो बोलपत्र उपर कुनै कारवाहि हुने छैन।

१२. बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ र अंक र अक्षर मा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

१३. यसमा उल्लेख नभएको हकमा सार्वोजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ।

तपशिल

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | अनुमानित ला.अ.(भ्याट र कन्टिजेन्सी बाहेक) रु. | धरौटी बापतको रकम रु. | बोलपत्र /दरभाउपत्रको दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | DRM/NCB/WORK/ 12-076-077 | ढकारी गाउँपालिका सार्वजनिक भवन निर्माण। | ७६८९२६९.३५/- | २२५०००/- | ३०००/- | |
| २ | DRM/NCB/WORK/ 13-076-077 | कुन्टाखेल सिँचाई कुलो निर्माण वडा नं.१ । | ८०२८५५५.६२/- | २३५०००/- | ३०००/- | |
| ३ | DRM/NCB/WORK/ 14-076-077 | बेरुपाटा चाउर सिँचाई कुलो निर्माण वडा नं.१ । | ७७७३३७०.0/- | २२८०००/- | ३०००/- | |

.................................................

प्रमुख प्रशासकिय अधिकृत

टेक बहादुर ...
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner